आज मिति २०७९ जेष्ठ १३ गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ८२ औं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः-

१. स्थानीय तह सदस्य निर्वाचन,२०७९ सहभागी भै मतदान गर्नुहुने टोखा नगरपालिकाका सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्ने।

२. स्थानीय तह निर्वाचन,२०७४ वाट निर्वाचित टोखा नगरपालिकाको पहिलो कार्यपालिकाका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने।

३. नगरकार्यपालिकाको ८१ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो।

४. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दीग्दर्शन को दफा ६.२ वमोजिम नगर उपप्रमुखको संयोजकत्वमा गठन हुने नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षक समितिलाई तपशिल वमोजिम गठन गर्ने ।

संयोजक- मुरारी तामाङ

सदस्य- शान्ता राई

सदस्य- वलराम राउत क्षेत्री

सदस्य- विजय वानियाँ

सदस्य – महेश थपलिया

सम्वन्धित वडाको वडा अध्यक्ष – पदेन सदस्य

सम्वन्धित वडा हेर्ने प्राविधिक- सदस्य

योजना शाखा- सदस्य सचिव

५. स्थानीय सदस्य निर्वाचन,२०७९ वाट निर्वाचित जनप्रतिनिधिहरु (वडा अध्यक्ष+ का.पा सदस्य) लाई स्थानीयत सरकार संचालन ऐन,२०७४, सिफारिस,योजना छनौट तथा संचालन लगायतका विविध काम कार्वाही संग सम्वन्धित विषयमा सो विषयसंग सम्वन्धित विषय विज्ञ सहितको उपस्थितिमा उपर्युक्त स्थान छनौट गरी मिति २०७९/२/२१ र २२ गते दुई दिवसीय तालिमको आयोजना गर्ने।

६. स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६५ वमोजिम आगामी आ.ब २०७९/८० को लागि उपप्रमुखको संयोजकत्वमा गठन हुने स्थानीय राजस्व परामर्श समिति ऐन अनुसारका सदस्य आगामी वैठकवाट चयन गरी गठन गर्ने।

७. चालु आ.ब २०७८/७९ को योजना तथा कार्यक्रम संचालन सम्झौता मिति २०७९ जेष्ठ १७ गते सम्म मात्र गर्ने ।

८. विषयगत समितिहरु (आर्थिक विकास,सामाजिक विकास,पुर्वाधार विकास,वातावरण तथा विपद् व्यवस्थापनर संस्थागत विकास तथा सेवा प्रवाह) गठनमा थप छलफल गरी आगामी वैठकवाट गठन गर्ने।

९. कानुनले निर्धारण गरेको समयसीमा भित्र आगामी आ.ब २०७९/८० को योजना तथा कार्यक्रम नगर सभामा पेश गर्नको लागि वस्ती,टोल भेला गर्दै वडा समितिको वैठक हुदै समयमा नै छनौट गर्ने। साथै स्थानीय

आवश्यकता तथा औचित्यताको आधारमा वडा तथा नगर गौरबको योजनाहरु छनौट गर्ने । ( वडा गौरबको अधिकतम् १ करोड सम्मको एक योजना र नगर गौरबको न्यूनतम् ३ करोड सम्मका योजनाहरु)

१०.टोखा नगरपालिकामा कार्यरत सहायकस्तरका न्यूनतम सेवा अवधि पुगेका कर्मचारीहरुलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानद्धारा सहयोग लिई सेवा कालिन तालिम संचालन गर्ने ।

११.वागमती प्रदेश सरकारद्धारा मिति २०७८ चैत्र २४ को अध्यादेश मार्फत **स्थानीय तहका सेवाको गठन तथा संञ्चालनमा व्यवस्था गर्न वनेको अध्यादेश** अनुसार योग्यता पुगेका स्वतः स्तरवृद्धि हुने कर्मचारीहरुलाई सो प्रकृयामा सामेल हुन ७ दिने सूचना गर्दै नियमानुसार प्रकृयामा अगाडि वढाई स्तरवृद्धि गरी पदस्थापन गर्ने साथै उक्त अध्यादेशको दफा ६ (१) वमोजिम यस नगरपालिका शिक्षा शाखामा कार्यरत शिक्षा सेवा/शिक्षा प्रशासन समुह अधिकृतस्तर छैटौं तहका श्री खगेन्द्र सिंह धामीलाई सातौ तह कायम गरी पदस्थापन गर्ने ।

१२. ७९ औं कार्यपालिका वैठकको निर्णय नं. ५ को निर्णयानुसार टोखा प्रदेशिक अस्पतालमा कार्यरत कर्मचारीहरुको २०७८ श्रावण देखिको खाजा भत्ता उपलव्ध गराउने ।

१३.टोखा नगरपालिकामा स्थायी वसोवास रहेका अविभावक विहिन वालवालिकाहरुलाई सामुदायीक विद्यालयहरुमा अध्ययन अध्यापनको लागि माध्यमिक तह सम्मको शिक्षाको जिम्मा नगरपालिकाले लिने ।

१४. वडा अध्यक्षहरुको संयोजकत्वमा सार्वजनिक स्थाल( मठ मन्दिर,पाटी पौवा,सडक,पोखरी,पार्क आदि) स्थलहरुमा प्लाष्टिक निषेध गर्ने अभियान संचालन गर्दै क्रमागत रुपमा अन्य क्षेत्रहरुमा समेत प्लाष्टिक निषेध गर्दै लाने ।साथै विश्ववातावरण दिवस(जुन५) लाई सवैले आ-आफ्नो क्षेत्रवाट सरसफाई अभियानहरु संचालन गर्दै भव्य रुपमा मनाउने ।

१५.नगरपालिकाका विभिन्न स्थानहरुमा भत्किएका/ विग्रिएका एवं खानेपानी तथा विद्युत विस्तारका कारण क्षति पुगेका सडकहरु नगर उपप्रमुखको नेतृत्वमा अनुगमन गरी अत्यावश्यक स्थलहरुमा लागत अनुमान तयार गरी अविलम्व मर्मत सम्हारको प्रकृया अगाडि वढाउने साथै सडक वत्ती मर्मत कार्यलाई आवश्यकता अनुसार मर्मत कार्य गर्दै लैजाने ।

१६.टोखा नगरपालिकाको अनुदान संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६ वमोजिमको रिक्त सदस्यमा वडा नं. ७ का वडा अध्यक्ष नरोत्तम रानालाई चयन गर्ने ।

१७.टोखा नगरपालिकाको आवधिक योजना निर्माणको क्रममा रहेकोले उक्त कार्यलाई पूर्णता दिन प्रकृया अगाडि वढाउने ।

१८.आ.ब २०७९/८० को नीति,योजना तथा कार्यक्रम निर्माणको लागि सो अगावै नगरपालिका भित्र वसोवास गरी वस्ने विभिन्न क्षेत्रका क्षेत्रगत विषय विज्ञहरुको एक भेला आयोजना गरी सल्लाह सुझाव संकलन गरी उपयुक्त सल्लाह सुझावलाई अनुशरण गर्दै आगामी आ.बको नीति योजना तथा कार्यक्रम निर्माण गर्ने ।

१९.विपद् व्यवस्थापनसंग सम्वन्धित सामाग्रीहरु आवश्यकता र औचित्यताको आधारमा खरिद गरी सम्वन्धित वडाहरुमा दाखिला गर्ने ।